जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २८३ २०८२ साल असार ३ गते मंगलबार (17 June 2025 Tuesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागुऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : सातै प्रदेशले ल्याए बजेट... ३ पृष्ठमा : 'नागरिकका आकांक्षा ... ३ पृष्ठमा : फरार पूर्व नेता हसिनालाई...

## कर्मचारीहरुको आन्दोलन जारि

## दोषी माथि कारवाहीको माग गर्दै पेन डाउन



**दैनिक समाचारदाता**
**राजविराज, २ असार ।**

राजबिराज नगरपालिकाका कर्मचारीहरुले कुटपिट, गालीगलौज गर्नेमाथी कारवाही तथा काम गर्ने भयमुक्त वातावरणको माग गर्दै तेस्रो दिन सोमवार पनि पेन डाउन गरी कामकाज ठप्प पारेका छन् ।

कर्मचारीहरूले दोषीलाई कानून बमोजिम कारवाही गरी आगामी दिनमा कार्यस्थलको सुरक्षाको प्रत्याभूति दिलाउन, सेवामा काम गर्ने सहज वातावरण बनाउन एवं भयमुक्त वातावरणमा सेवा प्रवाह सुनिश्चितता नभएसम्म आन्दोलनलाई जारि राख्ने अडान लिएका छन् ।

नेपाल नगरपालिका कर्मचारी एशोसिएसन राजबिराज नगरपालिका ईकाइ समितिका अध्यक्ष कल्पना देवले घटनाको दोषीलाई कानून बमोजिम कारबाही गरी आगामी दिनमा कार्यस्थलको सुरक्षाको प्रत्याभूति दिलाउन, सेवामा काम गर्ने सहज वातावरण बनाउन एवं भयमुक्त वातावरणमा सेवा प्रवाह सुनिश्चितता गराउन माग गरेका छन् ।

यस्तै कुटीपीट र लुटपीटमा संलग्नलाई पक्राउ गर्नुका साथै कर्मचारीहरुले १५ वर्ष देखी करार सेवामा कार्यरत इन्जिनीयर अशोक दासलाई कार्यपालिकाको पछिल्लो निर्णय अनुसार पुनः काममा लगाईनु पर्ने, दैनिक ज्यालादारी

*बाँकी अन्तिम पृष्ठमा*

## सडक दुर्घटना, ट्राफिक सचेतना लगायतका उद्देश्यले जनचेतनामूलक सडक नाटक मञ्चन



**दैनिक समाचारदाता**
**राजविराज, २ असार ।**

सडक दुर्घटना, ट्राफिक सचेतना फैलाउन तथा नियम पालना गराउने उद्देश्यले सोमबार राजबिराजमा जनचेतनामूलक सडक नाटक प्रस्तुत गरिएको छ ।

राजबिराजस्थित गजेन्द्र चौकमा यातायात व्यवस्था कार्यालय राजबिराजको सहयोग तथा समाज परिवर्तन नेपालको आयोजनामा प्रस्तुत नाटक मार्फत ट्राफिक नियमको पालना "सभ्य समाजको सृजना" ट्राफिक प्रहरी तथा स्थानिय निकायको सहकार्यमा ट्राफिक सुरक्षा सम्बन्धि जनचेतना दिने प्रयास गरिएको हो ।

उक्त अवसरमा प्रमुख जिल्ला अधिकारी भोला दाहालले ट्राफिक नियमको पालना गर्न गराउन सबै नागरिक सजग, सचेत भई ट्राफिक ब्यबस्थालाई मजबुत बनाउनु पर्नेमा जोड दिए । उनले दिनहु सडक दुर्घटना बढ्दै गएकोले ट्राफिक नियमलाई थप ब्यबस्थित बनाउन सर्वसधारणलाई ट्राफिक नियमको पालना गराउन सचेतनामुलक नाटकले सहयोग पुग्ने बिश्वास ब्यक्त गरे ।

यातायात व्यवस्था कार्यालयका प्रमुख कामेश्वर प्रसाद रोहिताले जिल्लाको बढ्दो सहरीकरण एवं सवारी साधनको चापलाई ध्यानमा राखेर दुर्घटना न्युनिकरण गर्नका लागि नाटकको आयोजना गरिएको बताए ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले सवारी दुर्घटना न्यूनीकरण गर्दै धनजनको क्षति हुनबाट जोगाउन ट्राफिक नियम कडाईको साथ पालना गराउने बताए ।

मोटरसाईकलमा तीनजना सवारी नगर्ने, मादक पदार्थ, रक्सी खाएर सवारी नचलाउने, गाडी चलाउदाँ ड्राईभिङ लाईसेन्स अनिवार्य राख्नुपर्ने, सर्वसधारणले सडकको दायाँ किनाराको प्रयोग गर्नुपर्ने, सडकमा हातेमालो गरेर हिँड्न नहुने उक्त नाटकमार्फत सन्देश दिईएको छ ।

यस्तै साना नानीलाई हातेमालो गरेर हिडाउँदा आफ्नो बायाँपट्टि राखेर हिडाउनुपर्ने, मोबाइल वा इयरफोनको प्रयोग गरेर सडकमा नहिँड्न, सडकमा सामूहिक छलफल तथा गफगाफ नगर्ने, मादक पदार्थ सेवन गरेर जथाभावी सडकको प्रयोग नगर्ने, जेब्रा क्रसबाट मात्र सडक पार गर्ने, गुडिरहेको गाडीको अगाडि-पछाडि दौडन नहुने जस्ता सन्देश प्रवाहा गरिएको छ ।

कार्यक्रममा सशस्त्र प्रहरी बलका प्रहरी उपरिक्षक ज्ञानमणी पोखरेल, राजबिराज नगरपालिका वडा ३ का अध्यक्ष अनिल दास, वडा ४ का अध्यक्ष दिनेश कसेरा लगायत सर्वसाधारणको उपस्थिति रहेको थियो ।

उक्त सडक नाटकमा मैथिली कमेडी भुपेन्द्र मण्डल (रामलाल नाटक समूह) ले प्रस्तुती गरेका थिए ।

## महिला संघ क्षेत्र नं २ को क्षेत्रीय अध्यक्षमा पुनः लिला



**दैनिक समाचारदाता**
**राजविराज, २ असार ।**

नेपाली कांग्रेस निकट नेपाल महिला संघ सप्तरी क्षेत्र नं २ को क्षेत्रीय अध्यक्षमा पुनः लिला यादव चुनिएकी छिन । लिला यस अघि पनि उक्त क्षेत्रको अध्यक्ष थिइन ।

संघको सोमवार साँझ सम्म चलेको चौथो संसदीय क्षेत्रिय अधिवेशनको बन्द सत्रले लिलाको नेतृत्वमा २७ सदस्यीय निर्विरोध नयाँ कार्य समिती चयन गरेको हो । नवनिर्वाचित समितिको कार्यकाल चार वर्षको हुनेछ ।

यस अघि लिला कै अध्यक्षतामा भएको अधिवेशन उदघाटन समाहरोमा प्रमुख अतिथी नेपाली काँग्रेस मधेश प्रदेशकी सहमहामन्त्री विन्दु कुमारी यादव, पुर्व प्रदेश साँसद गिता यादव, जिल्ला उपसभापती राम कुमार यादव, सचिव सनत मण्डल, मधेश प्रदेश समिती सदस्य प्रभात कुमार ललन, नितु झा, क्षेत्रीय सभापती महेन्द्र यादव, राजविराज नगर समितिका उपसभापती अनिल यादव, नगर सदस्य रमानन्द देव, नेपाली काँग्रेसको तर्फबाट राजविराज नगरपालिकाको अघिल्लो चुनावमा उपमेयर पदका प्रत्यासी सुशीला यादव, महिला नेतृ ज्ञानु भट्टराई, शान्ति चौधरी, मालती चौधरी, नेपाल पत्रकार महासंघका केन्द्रिय परिषद सदस्य मनोज माझी लगायतले शुभकामना दिएका थिए ।

निर्विरोध चयन भएपछी संचारकर्मीहरु सीत कुरा गर्दै अध्यक्ष लीलाले अघिल्लो कार्यकालको अनुभवको प्रयोग गर्दै महिला संघलाई अझ बलियो बनाउने योजना रहेको प्रतिक्रिया दिईन ।

यस अघि सप्तरीको प्रदेश सभा २ को "क"मा नितु झा, प्रदेश सभा २ को "ख"मा प्रदेश साँसद निलम रजक तथा राजविराज नगर समितिमा देवरानी दासको नेतृत्वमा २७ सदस्यीय निविरोध नया कार्यसमिती गठन गरिसकिएको छ ।

## पेट्रोलियम पदार्थको मूल्य बढ्यो

**दैनिक समाचारदाता**
**राजविराज, २ असार ।**

नेपाल आयल निगमले पेट्रोल, डिजेल र मट्टितेलको मूल्य बढाएको छ । निगमका अनुसार, पेट्रोलमा प्रतिलिटर रु एकले वृद्धि भएको छ भने डिजेल र मट्टितेलमा प्रतिलिटर रु दुईले वृद्धि भएको छ ।

निगमका अनुसार नयाँ मूल्य आइतबार राति १२ बजेदेखि लागू हुनेछ । नयाँ मूल्य अनुसार अब काठमाडौं, पोखरा र दीपायलमा पेट्रोलको मूल्य प्रतिलिटर रु एक सय ६० हुनेछ । यस्तै, डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर रु एक सय ४५ पर्नेछ ।

हाम्रो पहिचानमा हाम्रो गौरव

❖नेपाली भाषा र संस्कृतिलाई आत्मसाथ गरौं,
❖परम्परा, चाडपर्व, लोककला जोगाऔं,
❖मौलिक संस्कृतिमा गर्व गरौं,
❖नक्कल होइन मौलिकता अपनाऔं,
❖विविधतामा एकता कायम गरौं,
❖राष्ट्रको पहिचानलाई सम्मान गरौं .

"हाम्रो पहिचान, हाम्रो स्वाभिमान"

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### सरोकारवालाहरु गम्भिर बन

सप्तरीको विभिन्न स्थानका विकासीय कार्यहरु अहिले अवरुद्ध रहेका छन् । अवरुद्ध हुनुको मुख्य कारण गैरजवाफदेही ठेकेदारहरू र सम्बन्धित सरकारी कार्यालयका प्रमुखहरू रहेको कुरा बाहिरएको छ । लामो समयदेखी जिल्लाका विकासीय कार्यहरु अवरुद्ध भइरहेको भन्दै केही नागरिक अगुवाहरुले प्रधानमन्त्री समेतलाई ज्ञापन पठाइएको छ । राजविराज-हनुमाननगर रोड, राजविराजस्थित कोल्ड स्टोर, राजविराजको सिरहा रोड, हुलाकी राजमार्ग अन्तरगतको कंचनपुर रोड र राजविराजको कन्या छात्रावास लामै समयदेखी अवरुद्ध रहेको कसैसामु लुकेको छैन् ।

गजेन्द्र नारायण सिंह अस्पताल निर्माण भएपनि सेवा संचालन नहुनु, रामराजा सिंह शिक्षण अस्पताल सम्बन्धी प्रक्रिया अघि नबढ्नु आदि समस्याले जनतामा गहिरो निराश पैदा भएको छ । यस्तै राजविराज नगरपालिकाको बेतिथिहरु बारे पनि ती अगुवाहरुको ध्यानाकर्षण भएको छ । उनीहरुले नगरपालिकामा खर्च नभएको बजेट, बजेटको दुरुपयोग र भ्रष्टाचार बारे उच्चस्तरिय छानबिन समिति गठन, दोषि व्यक्तिहरुलाई कानुन बमोजिम कारवाही, अलपत्र पूर्वाधार विकास योजनाहरु तुरुन्तै सम्पन्न, स्थानीय प्रशासन, प्रहरी तथा सरोकारवाला निकायहरुलाई यथासिघ्र जवाफदेखी, प्रहरी प्रशासनको उपस्थितिमा भएको तोडफोड घटनाको छानबिन र नेपाल सरकारका कर्मचारीहरुबाट भएको दुर्व्यबहार सम्बन्धी घटनाको पनि छानबिन गर्न पनि माग गरेको छ ।

आफ्नो स्वार्थका लागि जिल्लालाई विकासको बाटोबाट बञ्चित गराउने व्यक्ति वा संस्थालाई जनताले पहिचान गर्न जरुरी छ । तसर्थ आउँदो दिनमा विकासीय कार्यलाई पुनः संचालन गरेर सम्पन्न गराउनेतर्फ जिल्लाका सबै सरोकारवालाहरु पहलगामी कदम उठाउन उत्तिकै जरुरी छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# सातै प्रदेशले ल्याए बजेट, कुन प्रदेशको कति ?

काठमाडौं, २ असार (रासस) ।

सातवटै प्रदेशले आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक आय र व्ययको अनुमान (बजेट) सम्बन्धित प्रदेशसभामा पेस गरेका छन् । कर्णाली प्रदेशले आइतबार मध्यरातमा बजेट ल्याएको छ । केन्द्र सरकारमा जस्तै प्रदेशमा पनि न्यून राजस्व र स्रोतको चाप व्यवस्थापन मुख्य चुनौतीका रूपमा देखिन्छ । सबैजसो प्रदेशले अघिल्ला आर्थिक वर्षमा खर्च गर्न नसकेर बचत रहेको रकमलाई पनि बजेट स्रोत देखाएका छन् । गण्डकी र मधेस प्रदेशले घाटा बजेट ल्याएर आन्तरिक ऋण उठाउने गरी बजेटको जोहो गरेका छन् । आगामी आर्थिक वर्षमा गण्डकी प्रदेशले रु एक अर्ब ७५ करोड र मधेस प्रदेशले रु दुई अर्ब आन्तरिक ऋण उठाउने लक्ष्य राखेका छन् ।

**कर्णाली प्रदेश**

प्रतिपक्षी दलको अवरोधका कारण कर्णाली प्रदेशसभा बस्न नसकेपछि वार्षिक राजस्व र व्ययको अनुमान पेस गर्ने कार्यसूची प्रभावित भएको थियो । आइतबार मध्यरातमा प्रदेशसभा बैठक सञ्चालन भएपछि त्यहाँका आर्थिक मामिला तथा योजनामन्त्री राजिवविक्रम शाहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान प्रदेशसभामा पेस गर्नुभयो ।

कर्णाली प्रदेशले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि रु ३२ अर्ब ९९ करोड ६६ लाख ५५ हजार बराबरको बजेट ल्याएको छ । यो चालु आर्थिक वर्षको बजेटभन्दा करिब पाँच प्रतिशत बढी हो । कूल विनियोजनमध्ये चालुतर्फ रु सात अर्ब ७९ करोड ९१ लाख एक हजार अर्थात् २३.६४ प्रतिशत रहेको छ । पुँजीगततर्फ रु १९ अर्ब ९८ करोड २७ लाख १३ हजार अर्थात् कूल विनियोजनको ६०.५५ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु ६१ करोड ५० लाख अर्थात् कूल विनियोजनको १.६६ प्रतिशत बजेट छुट्याइएको छ । स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ रु चार अर्ब ५९ करोड ९८ लाख ४१ हजार अर्थात् १३.९५ प्रतिशत विनियोजन गरिएको छ ।

उक्त बजेटको स्रोतमध्ये आन्तरिक आयबाट रु ९६ करोड ७४ लाख ११ हजार, चालु आर्थिक वर्ष खर्च हुन नसकी बचत हुने बजेटबाट रु पाँच अर्ब ६९ करोड ६८ लाख ४४ हजार र सङ्घीय सरकारबाट राजस्व बाँडफाँटबाट जाने रु १० अर्ब २७ करोड ३० लाख स्रोत व्यहोर्ने अनुमान गरिएको छ । वित्तीय समानीकरण अनुदानबाट रु १० अर्ब ५६ करोड चार लाख, सशर्त अनुदानबाट रु चार अर्ब ४४ करोड ६० लाख, समपुरक अनुदानबाट रु ५३ करोड ९७ लाख र विशेष अनुदानबाट रु ४९ करोड ४६ लाख स्रोत परिचालन गरिने अनुमान छ ।

**सुदूरपश्चिम प्रदेश**

सुदूरपश्चिम प्रदेशले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि रू ३३ अर्ब ४७ करोड ६० लाख ४८ हजारको बजेट ल्याएको छ । आइतबार सुदूरपश्चिम प्रदेशसभा बैठकमा आर्थिक मामिलामन्त्री बहादुरसिंह थापाले आगामी आर्थिक वर्षको बजेट पेस गर्नुभयो । यो प्रदेशले ल्याएको आगामी आर्थिक वर्षको कूल बजेटमध्ये चालुतर्फ रू १० अर्ब २० करोड ८१ लाख ४२ हजार अर्थात् ३०.४९ प्रतिशत, पुँजीगततर्फ रू १९ अर्ब ८३ करोड दुई लाख छ हजार अर्थात् ५९.२५ प्रतिशत र अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत रु तीन अर्ब ४२ करोड ७७ लाख अर्थात् १०.२४ प्रतिशत विनियोजन गरिएको छ । वित्तीय व्यवस्थातर्फ रू एक करोड छुट्याएको छ ।

सुदूरपश्चिम सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि अनुमान गरेको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक राजस्व परिचालनबाट रू एक अर्ब ६५ करोड, सङ्घ सरकारबाट राजस्व बाँडफाँट भई प्राप्त हुने रू नौ अर्ब ८७ करोड २५ लाख, सङ्घीय रोयल्टी बाँडफाँट वापत प्राप्त हुने रकम रू आठ करोडलाई बजेटको स्रोत देखाइएको छ । त्यसैगरी सङ्घ सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रू आठ अर्ब ९२ करोड ५६ लाख, चालु आर्थिक वर्ष २०८१/८२ को विनियोजनबाट बचत हुने अनुमानित रकम रू सात अर्ब ६६ करोड ६३ लाख ४८ हजार, सशर्त अनुदानबाट प्राप्त हुने रू चार अर्ब १६ करोड ३० लाख, सङ्घीय समपूरक अनुदानबाट प्राप्त हुने रू ६० करोड २६ लाख र विशेष अनुदानबाट प्राप्त हुने रू ५१ करोड ६० लाखलाई आगामी आर्थिक वर्षको व्ययको स्रोत अनुमान गरिएको छ ।

**लुम्बिनी प्रदेश**

लुम्बिनी प्रदेश आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीले आइतबार लुम्बिनी प्रदेशसभामा बजेट प्रस्तुत गर्नुभयो । लुम्बिनीले आगामी आर्थिक वर्षका लागि कूल रु ३८ अर्ब ९१ करोडको बजेट ल्याएको छ । जसमध्ये, चालुतर्फ रु १२ अर्ब एक करोड ४७ लाख ८६ हजार अर्थात् ३०.८८ प्रतिशत र पुँजीगततर्फ रु २३ अर्ब ४७ करोड १४ लाख ६५ हजार अर्थात् ६०.३२ प्रतिशत र वित्तीय हस्तान्तरणतर्फ रु तीन अर्ब ४२ करोड ३७ लाख ४९ हजार अर्थात् ८.८० प्रतिशत छ ।

लुम्बिनी प्रदेशले आगामी आर्थिक वर्षमा अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक राजस्वबाट रु सात अर्ब ७८ करोड ४ लाख नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटबाट रु ११ अर्ब ८६ करोड ५६ लाख, नेपाल सरकारबाट प्राप्त हुने रोयल्टी रु ४१ करोड ५० लाख, स्थानीय तहबाट बाँडफाँड भई प्राप्त हुने राजस्व रु दुई अर्ब ८२ करोड ९० लाख प्राप्त हुने अनुमान गरिएको छ । सङ्घ सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट रु आठ अर्ब ४४ करोड ४४ लाख, सशर्त अनुदानबाट रु चार अर्ब ६६ करोड १५ लाख, समपुरक अनुदानबाट रु ५१ करोड ४० लाख, विशेष अनुदानबाट रु ४० करोड र चालु आर्थिक वर्षको नगद मौज्दातबाट रु दुई अर्ब परिचालन गर्नेगरी बजेटको स्रोत देखाइएको छ ।

**गण्डकी प्रदेश**

आगामी आर्थिक वर्षका लागि गण्डकी प्रदेशले रू ३१ अर्ब ९७ करोड ९९ लाख ९९ हजार बराबरको बजेट ल्याएको छ । आइतबार गण्डकी प्रदेशसभामा आर्थिक मामिलामन्त्री डा टकराज गुरुङले आगामी आर्थिक वर्षको आय र व्ययको अनुमान पेस गर्नुभयो ।

आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्चमध्ये चालुतर्फ रू १२ अर्ब ६३ करोड ६६ लाख ७५ हजार अर्थात कूल विनियोजनको ३९.५ प्रतिशत रहेको छ । पूँजीगततर्फ रू १९ अर्ब नौ करोड ३३ लाख २४ हजार अर्थात् कूल विनियोजनको ५९ दशमलव ७ प्रतिशत र वित्तीय व्यवस्थातर्फ २५ करोड अर्थात कूल विनियोजनको ०.८ प्रतिशत छ । यो प्रदेशले आगामी वर्षमा रू एक करोड ५४ लाख ५२ हजार सञ्चित कोषमाथि व्ययभार हुने अनुमान गरेको छ ।

गण्डकी प्रदेशका लागि आगामी आर्थिक वर्षका लागि छुट्याइएको बजेटको स्रोतमध्ये केन्द्र सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट रू सात अर्ब ७३ करोड ८९ लाख, राजस्व बाँडफाँटबाट रू नौ अर्ब ७९ करोड २९ लाख ४० हजार, रोयल्टी बाँडफाँटबाट रू ४९ करोड ८९ लाख ७७ हजार, सशर्त अनुदानतर्फ रू तीन अर्ब ३५ करोड ६४ लाख, समपूरक अनुदानतर्फ रु ६३ करोड ९७ लाख र विशेष अनुदानतर्फ रू ४९ करोड ८६ लाख प्राप्त हुने गरी स्रोतको अनुमान गरिएको छ । यो प्रदेशले आगामी आर्थिक वर्ष आन्तरिक राजस्व रू पाँच अर्ब ४५ करोड ८४ लाख ८८ हजार उठाउने अनुमान गरेको छ । साथै, चालु आर्थिक वर्षको वार्षिक कार्यक्रम कार्यान्वयन पश्चात रू दुई अर्ब २४ करोड ५० लाख ९४ हजार नगद मौज्दात बचत हुने रकमलाई पनि बजेटको स्रोत देखाइएको छ । बाँकी रु एक अर्ब ७५ करोड आन्तरिक ऋण उठाउने गण्डकी प्रदेश सरकारको योजना छ ।

**बागमती प्रदेश**

बागमती प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले आगामी आर्थिक वर्षको बजेट प्रदेशसभामा पेस गर्नुभयो । बागमती प्रदेशले आगामी आर्थिक वर्षको लागि प्रस्तावित सरकारका योजना तथा कार्यक्रम कार्यान्वयन गर्न रु ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजार बजेट छुट्याएको छ । कूल विनियोजनमध्ये चालुतर्फ रु २६ अर्ब चार करोड ४६ लाख ९१ हजार र पुँजीगततर्फ रु ४१ अर्ब ४३ करोड २६ लाख ३६ हजार विनियोजन गरिएको छ । कूल विनियोजन मध्ये चालुतर्फ ३८.६० प्रतिशत र पुँजीगततर्फ ६१.४० प्रतिशत हुन आउँछ ।

बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षको खर्च व्यहोर्ने स्रोत मध्ये कर राजस्वबाट रु २८ अर्ब ८७ करोड ८२ लाख १ हजार र अन्य राजस्वबाट रु ६ अर्ब ७९ करोड चार लाख १३ हजार उठाउने लक्ष्य राखेको छ । सङ्घीय वित्तीय हस्तान्तरणबाट प्राप्त हुने रु १४ अर्ब ८१ करोड ९३ लाख, चालु आर्थिक वर्षको अनुमानित सञ्चित कोषको बचत र विविध प्राप्तिबाट रु १६ अर्ब ९८ करोड ९४ लाख १३ हजार व्यहोरिने अनुमान गरिएको छ ।

**मधेस प्रदेश**

मधेस प्रदेशका अर्थमन्त्री सुनिलकुमार यादवले आइतबार मधेस प्रदेशसभामा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्नुभयो । यो प्रदेशले आगामी आर्थिक वर्षका लागि कूल रु ४६ अर्ब ५८ करोड ३३ लाख ५१ हजारको बजेट ल्याएको छ । कूल विनियोजनमध्ये चालुतर्फ रु १६ अर्ब ७२ करोड पाँच लाख १७ हजार अर्थात् ३५.८९ प्रतिशत र पुँजीगततर्फ रु ३० अर्ब २६ करोड २८ लाख ३४ हजार अर्थात् ६४.११ प्रतिशत रहेको छ । यो खर्च अनुमान चालु आर्थिक वर्षको बजेटको तुलनामा ६.१३ प्रतिशत बढी हो ।

मधेस प्रदेशको आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु नौ अर्ब ५० करोड ८३ लाख स्रोत व्यहोर्ने अनुमान गरिएको छ । सङ्घ सरकारबाट जाने वित्तीय समानीकरण अनुदानबाट रु सात अर्ब ७२ करोड १९ लाख तथा शसर्त अनुदानबाट रु चार अर्ब २६ करोड १८ लाख, विशेष अनुदान बाट रु ३९ करोड ४५ लाख र समपुरक अनुदानबाट रु ३५ करोड ८२ लाख गरी जम्मा रु १२ अर्ब ७३ करोड ६४ लाख बराबर वित्तीय हस्तान्तरणमार्फत जाने रकमलाई आगामी आर्थिक वर्षको बजेट स्रोतका रूपमा देखाइएको छ । सङ्घीय राजस्व बाँडफाँटवाट रु १२ अर्ब ३५ करोड ८४ लाख प्रापत हुने र गत वर्षको नगद मौज्दातबाट रु १० अर्ब ३८ करोड दुई लाख ५१ हजार बराबर स्रोत व्यहोरिने अनुमान गरिएको छ । बाँकी अपुग रु दुई अर्ब रकम आन्तरिक ऋण उठाएर पूर्ति गर्ने गरी मधेस प्रदेशले बजेट स्रोत देखाएको छ ।

**कोशी प्रदेश**

कोशी प्रदेशले आगामी आर्थिक वर्षका लागि रू ३५ अर्ब ८७ करोड ९९ लाख विनियोजन गरेको छ । कूल विनियोजनमध्ये

*बाँकी तीन पृष्ठमा*

# ‘नागरिकका आकांक्षा सम्बोधन गर्ने बजेट आउन सकेन’

काठमाडौँ, २ असार (रासस)।

आगामी आर्थिक वर्ष २०८२/८३ का लागि सरकारले संसद्मा प्रस्तुत गरेको बजेटले आम नागरिकका विकास र समृद्धिका आकांक्षा पूरा गर्न नसक्ने देखिएको प्रतिपक्ष दलका अधिकांश सांसदले सदनमा धारणा राखेका छन्।

प्रतिनिधिसभाको सोमबारको बैठकमा सांसदहरूले शक्ति र पहुँचका आधारमा बजेट विनियोजन भएको, कम लागतका आयोजनामा बजेट छरिएको, विनियोजन कुशलता नदेखिएकोलगायत विषय उठाएका हुन्। आगामी आर्थिक वर्षको बजेट माथिको छलफलका क्रममा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद शक्तिबहादुर बस्नेतले आगामी आर्थिक वर्षको बजेटमा रू २० लाखदेखि रु २५ लाख लागतका नयाँ योजना बजेटमा परेको बताउनुभयो। त्यस्तै, शहरी विकास मन्त्रालयले माग नै नगरेका आयोजनामा समेत बजेट हालिएको उहाँको आरोप थियो।

सरकारले यसवर्ष योजना बैंकबाट करिब चार हजार हाराहारीको सङ्ख्यामा योजना कटौती गर्दा कुन आधार र मापदण्डका आधारमा त्यसो गरिएको हो भनेर सांसद बस्नेतले प्रश्न गर्नुभयो। आगामी आवको बजेट समावेशी नरहेको, गरिबी निवारणमा केन्द्रित हुन नसकेको, उत्पादन र उत्पादकत्व बढाउन ठोस पहल नगरिएकोलगायतका विषय उहाँले उठाउनुभयो। ‘भिजिट भिसा’ प्रकरणबारे अध्ययन र छानबिन आवश्यक रहेको सांसद बस्नेतले बताउनुभयो। सरकारले यही असार १५ गतेभित्र शिक्षा विधेयक संसदबाट पारित गर्ने सम्झौता गरेको, नागरिकता विधेयक, निजामती सेवा विधेयकलगायत महत्वपूर्ण कानुन निर्माणलाई शीघ्रता दिन सदनको अवरोध हटाउन जरुरी रहेको सांसद बस्नेतको भनाइ थियो।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सांसद प्रकाश ज्वालाले आगामी आर्थिक वर्षको बजेट शक्ति र पहुँचका आधारमा वितरणमुखी ढङ्गले आएको आरोप लगाउनुभयो। “आगामी बजेटले अर्थतन्त्र सुधारका लागि नीतिगत फड्को मार्ने अपेक्षा गरिएको थियो। तर यसले समृद्धिको मार्गचित्र दिन सकेन”, उहाँले भन्नुभयो।

बजेटले सार्वजनिक क्षेत्रलाई सङ्कुचन र निजी क्षेत्रलाई बढावा दिएको तथा लगानीमुखी र नतिजामुखी बजेट आउन नसकेको सांसद ज्वालाको भनाइ थियो। कृषि क्षेत्रमा बजेट न्यून भएको उहाँले बताउनुभयो। प्रतिपक्ष दलले वेल घेराउ गरिरहँदा सदनको बैठक अघि बढिरहनु दुःखद भएको सांसद ज्वालाको भनाइ थियो।

जनता समादवादी पार्टीका सांसद रञ्जुकुमारी झाले आगामी आर्थिक वर्षको बजेट उत्कृष्ट रहेको उल्लेख गर्दै त्यसको कार्यान्वयन पक्ष बलियो बनाउन आवश्यक रहेको बताउनुभयो। शिक्षा क्षेत्रमा सुधारका लागि बजेटले सकारात्मक पहल गरेको उहाँको भनाइ थियो। संरक्षित क्षेत्र र राष्ट्रिय निकुञ्जका मध्यवर्ती क्षेत्रका बासिन्दाका समस्या समाधान गर्ने कुरा बजेटमा पर्नु सकारात्मक भएको उहाँले बताउनुभयो। समाजकल्याण परिषद्को पुनःसंरचना गर्ने, युवा उद्यमशीलता तथा नवप्रवर्तन प्रवर्द्धन, रोजगारी सिर्जना, लगानी वातावरण निर्माणलगायतका विषयमा बजेटले महत्वपूर्ण योजना तथा कार्यक्रम ल्याएको सांसद झाको भनाइ थियो।

जनमत पार्टीका सांसद अब्दुल खांनले राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई लत्याएर आगामी आर्थिक वर्षको बजेट आएको आरोप लगाउनुभयो। “बजेट क्षेत्र केन्द्रित छ, देश केन्द्रित हुन सकेको छैन”, उहाँले भन्नुभयो। किसानका समस्या समाधानतर्फ बजेटमा पर्याप्त ध्यान नपुगेको उहाँले आरोप लगाउनुभयो। खेलाडीलाई तलबभत्ताको व्यवस्था गर्न आवश्यक रहेकामा उहाँले जोड दिनुभयो। सबै प्रतिपक्ष दललाई बजेटमाथिको छलफलमा भाग लिने वातावरण मिलाउन उहाँले सभामुखको ध्यानाकर्षण गराउनुभयो।

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका सांसद रामप्रकाश चौधरीले नागरिकका आकांक्षा के हुन भनेर पूर्वबजेट छलफलका क्रममा संसदबाटै सरकारलाई जानकारी गराइए पनि त्यसको सुनुवाइ नभएको बताउनुभयो। सुनकोशी मरिन डाइभर्सन आयोजना र बागमती सिंचाई आयोजना निर्माणको विषय बजेटमा पर्नु सकारात्मक भएको सांसद चौधरीले बताउनुभयो।

नागरिक उन्मुक्ति पार्टीका सांसद लालविर चौधरीले आगामी आर्थिक वर्षको बजेटमा रू तीन करोडभन्दा बढीको लागत रहेका योजना माग गरिएकामा रू एक लाख लागतसम्मका आयोजना पनि बजेटमा अटाएको बताउनुभयो। सांसदहरूले प्रस्ताव गरेका योजना तथा कार्यक्रममा बजेटमा हाल्न सके त्यसको अपनत्व बढ्ने र कार्यान्वयन पनि प्रभावकारी हुने उहाँले धारणा राख्नुभयो। किसानलाई पर्याप्त अनुदानको व्यवस्था गर्ने, मलखाद समयमा उपलब्ध गराउने जस्ता विषयमा बजेटले ध्यान पुऱ्याउन नसकेको उहाँले गुनासो गर्नुभयो।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले सत्तापक्षका सांसदका माग मात्रै सम्बोधन हुने अवस्थाको अन्त्य हुन नसकेको बताउनुभयो। गिट्टी, ढुङ्गा, बालुवा र चुनढुङ्गा उत्खनन गरेर भारत निर्यात गर्ने नीति बजेटमा राख्दा भविष्यमा यसले ठूलो समस्या सिर्जना हुनसक्ने उहाँले धारणा राख्नुभयो।

राष्ट्रिय जनमोर्चाका सांसद चित्रबहादुर केसीले संसद्मा बजेट माथिको छलफलमा भाग लिएपनि त्यसको सुनुवाई नहुने अवस्थाले छलफलको औचित्य नरहने बताउनुभयो। आगामी आर्थिक वर्षको बजेटले आम बहुसङ्ख्यक नागरिकलाई खुसी बनाउन नसक्ने उहाँको भनाइ थियो। रोजगारी सिर्जना गर्ने क्षेत्रमा बजेट केन्द्रित हुन नसकेको सांसद केसीको आरोप थियो।

### सातै प्रदेशले...

चालुतर्फ रु १८ अर्ब ६७ करोड ३३ लाख अर्थात् ५२ प्रतिशत, पूँजीगततर्फ रु १७ अर्ब १० करोड ६५ लाख अर्थात् ४७.७ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु १० करोड अर्थात ०.३ प्रतिशत रहेको छ। कोशी प्रदेशको यो बजेटको आकार चालु आर्थिक वर्षको बजेटको तुलनामा १.७ प्रतिशतले बढी हो। कूल विनियोजनमा स्थानीय तहमा जाने वित्तीय हस्तान्तरणतर्फको रकम रु चार अर्ब ७० करोड ७ लाख रहेको छ।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च ब्यहोर्ने स्रोतमध्ये कोशी प्रदेश सरकारको आन्तरिक राजस्वबाट रू पाँच अर्ब ५० करोड, राजस्व बाँडफाँटबाट रू १२ अर्ब ३९ करोड ६० लाख र सङ्घबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट रू चार अर्ब ९८ करोड ३४ लाखलाई बजेट स्रोत देखाइएको छ। सशर्त अनुदानबाट रु चार अर्ब ५७ करोड १० लाख, समपुरक अनुदानबाट रु ३९ करोड़ १७ लाख र विशेष अनुदानबाट रू ५५ करोड ७२ लाख गरी राजस्व तथा वित्तीय हस्तान्तरणबाट जम्मा रू ३२ अर्ब ७४ करोड र रोयल्टीबाट प्राप्त हुने रकमबाट रु ३५ करोड ९९ लाखलाई बजेट स्रोत देखाइएको छ।

बाँकी अपुग रकम नगद चालु आर्थिक वर्षमा खर्च गर्न नसकेको बजेट मौज्दातबाट रू तीन अर्ब १३ करोड ब्यहोर्ने गरी स्रोतको अनुमान गरिएको छ। कोशी प्रदेशसभामा त्यहाँका आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर मगरले आगामी आर्थिक वर्षको बजेट वक्तव्य प्रस्तुत गर्नुभएको थियो। कोशी प्रदेशले आगामी आर्थिक वर्ष ५.३ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य बजेटमार्फत् राखेको छ।


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

**अनुरोधकर्ता**

**राजगढ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

सप्तरी, मधेश प्रदेश


## विश्व समाचार

### फरार पूर्व नेता हसिनालाई मुद्दाको सामना गर्न फर्कन आदेश

ढाका, २ असार (रासस/एएफपी)।

बङ्गलादेशको युद्ध अपराध अदालतले सोमबार फरार पूर्व नेता शेख हसिनालाई मानवता विरुद्धको अपराधको आरोपमा मुद्दाको सामना गर्न फर्कन आदेश दिएको छ। सतहत्तर वर्षीया हसिना सन् २०२४ अगस्टमा विद्यार्थी नेतृत्वको जन विद्रोहको चरमोत्कर्षमा हेलिकप्टरबाट ढाका छोडेर भारत भाग्नुभएको थियो। उहाँले बङ्गलादेश फर्कने प्रत्यर्पण आदेशको अवहेलना गर्नुभएको छ। संयुक्त राष्ट्रसङ्घका अनुसार हसिनाको सरकारले सत्तामा टिकिरहने असफल प्रयासमा दमनकारी कारबाही सुरु गर्दा सन् २०२४ जुलाई र अगस्टको बीचमा एक हजार चार सय जनासम्मको मृत्यु भएको थियो। हसिना र उहाँको पदच्यूत सरकार र उहाँको अहिले प्रतिबन्धित पार्टी अवामी लिगसँग जोडिएका पूर्व वरिष्ठ व्यक्तित्वहरूमाथि बङ्गलादेशको अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरण (आइसिटी) मा मुद्दा चलाइएको छ।

अभियोजकहरूले हसिनाविरुद्ध उक्साहट, उत्प्रेरणा, संलग्नता, सहजीकरण, षड्यन्त्र र सामूहिक हत्या रोक्न असफलता सहित पाँच आरोप दायर गरेका छन्। ती आरोप बङ्गलादेशी कानूनअनुसार मानवता विरुद्धको अपराधसम्म पुग्छन्। “अदालतले अभियोजन टोलीलाई यथाशीघ्र अदालतमा उपस्थित हुन बोलाउने सूचना जारी गर्न निर्देशन दिएको छ”, मुख्य अभियोजक मुहम्मद ताजुल इस्लामले सोमबार भन्नुभयो। हसिना फर्किन असफल भएमा जुन २४ मा उहाँको अनुपस्थितिमा मुद्दा सुरु हुनेछ। हसिनाले गृह मन्त्रालय र प्रहरीका निर्देशनहरूमार्फत सुरक्षा बलहरूलाई प्रदर्शनहरू दबाउन आदेश दिनुभएको थियो भन्ने अभियोजनको तर्क छ। हसिनामाथि अन्य दुई अधिकारीसँगै मुद्दा चलिरहेको छ। तीमध्ये एक, पूर्व गृहमन्त्री असदुज्जमान खान कमाल हुनुहुन्छ। उहाँमाथि समान आरोपहरू छन्। उहाँ पनि फरार हुनुहुन्छ।

दोस्रो, पूर्व प्रहरी प्रमुख चौधुरी अब्दुल्लाह अल मामुन हिरासतमा हुनुहुन्छ र सोमबार उहाँ अदालतमा उपस्थित हुनुभएको थियो। हसिना सरकारका वरिष्ठ व्यक्तिहरूको अभियोजन अहिले सत्ताका लागि सङ्घर्ष गरिरहेका धेरै राजनीतिक दलहरूको प्रमुख माग हो। अन्तरिम सरकारले सन् २०२६ अप्रिलमा चुनाव गराउने बताएको छ। यद्यपि केही दलले पहिले मतदानका लागि दबाब दिइरहेका छन्।

### इजरायली आक्रमणपछि भारतद्वारा इरानमा रहेका विद्यार्थी स्थानान्तरण

नयाँदिल्ली, २ असार (रासस/एएफपी)।

इजरायलले इरानमा आक्रमण गरेपछि इरानमा रहेका भारतीय विद्यार्थीहरूलाई सुरक्षित स्थानमा स्थानातरण गरिएको जनाइएको छ। गत शुक्रबार इजरायलको इरान विरुद्ध पहिलो आक्रमणपछि तेहरानले इजरायल विरुद्ध आक्रमण गरेर प्रतिक्रिया दिइरहेको छ। यसले द्वन्द्व क्षेत्रीय युद्धमा परिणत हुनसक्ने विश्वव्यापी आकलन बढाएको छ।

दुवै देशसँग सम्बन्धमा रहेको भारतले तेहरानले आफ्नो हवाई क्षेत्र बन्द गरेपछि आफ्ना नागरिकहरूलाई इरानभित्र स्थानान्तरण गर्न खोजेको जनाएको छ। तेहरानमा रहेको भारतीय दूतावासले सुरक्षा अवस्थाको निरन्तर निगरानी गर्दै इरानमा रहेका भारतीय विद्यार्थीलाई उनीहरूको सुरक्षा सुनिश्चित गर्न प्रयास गरेको भारतीय विदेश मन्त्रालयले एक विज्ञप्तिमा उल्लेख गरेको छ। केही विद्यार्थीलाई दूतावासको सुविधासहित इरानका सुरक्षित स्थानहरूमा सारिएको मन्त्रालयले जनाएको छ।

गत वर्षको सरकारी तथ्याङ्कअनुसार इरानमा करिब १० हजार भारतीय नागरिक छन् भने सन् २०२२ को तथ्याङ्कमा इरानमा दुई हजारभन्दा बढी विद्यार्थी रहेका छन्। भारतले शुक्रबार दुवै देशलाई सम्भावित सहयोग विस्तार गर्न तयार रहेको बताएको छ। इरानको स्वास्थ्य मन्त्रालयले इजरायली आक्रमणमा कम्तीमा दुई सय २४ जनाको मृत्यु भएको जनाएको छ। यस्तै तेहरानले जवाबी आक्रमण सुरु गरेदेखि एक दर्जनभन्दा बढीको मृत्यु भएको इजरायली अधिकारीहरूले जनाएका छन्।

### तेल अभिव दूतावास भवन इरानको आक्रमणबाट क्षतिग्रस्त : अमेरिकी राजदूत

जेरुसेलम, २ असार (रासस/एएफपी)।

इजरायलका लागि अमेरिकी राजदूत माइक हकाबीले सोमबार तेल अभिवमा रहेको दूतावास भवनमा नजिकैको इरानी क्षेप्यास्त्र आक्रमणबाट थोरै क्षति भएको र अमेरिकी कर्मचारीहरूलाई कुनै चोट नलागेको बताउनुभएको छ। इजरायलले इरानभित्र गहिरो सैन्य लक्ष्यमा आक्रमण गरेपछि दुवै पक्षले थप विनाशको धम्की दिएका छन्। इरानले सोमबार बिहान इजरायली सहरहरूमा मिसाइल प्रहार गरेको थियो।

इजरायली सेनाले मानिसहरूलाई आउने इरानी क्षेप्यास्त्रहरूबाट सुरक्षा लिन चेतावनी दिएपछि एएफपी तस्बिरहरूले तेल अभिवको तटीय केन्द्रमा भवनहरू ध्वस्त भएको देखाएका छन्। “तेल अभिवमा दूतावास शाखा नजिकै इरानी मिसाइल प्रहारको धक्काबाट केही सामान्य क्षति भएको छ तर अमेरिकी कर्मचारीहरूलाई कुनै चोटपटक लागेको छैन”, हकाबीले एक्समा भन्नुभयो।

उहाँले ‘स्थानमा आश्रयको आदेश अझै प्रभावमा रहेको’ भन्दै जेरुसेलमको अमेरिकी दूतावास सोमबार बन्द रहने बताउनुभयो। दशकौंको शत्रुता र प्रोक्सी युद्धहरूपछि गत हप्ता इजरायलको इरानमाथिको आक्रमणले अहिलेसम्मकै तीव्र लडाइँ सुरु गरेको छ र लामो द्वन्द्वको डर जगाएको छ। यसले सम्पूर्ण मध्यपूर्वलाई समेट्न सक्छ। इजरायलले आफ्नो आक्रमणले सैन्य र आणविक सुविधाहरूमा प्रहार गरेको र धेरै शीर्ष कमान्डरहरू र आणविक वैज्ञानिकहरू मारिएको बताएको छ।

तर एक वरिष्ठ अमेरिकी अधिकारीले आइतबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इजरायललाई सर्वोच्च नेता अयातुल्लाह अली खामेनीको हत्या गर्ने योजनाबाट पछि हट्न भन्नुभएको बताउनुभयो। ट्रम्पले शत्रुहरूलाई ‘सम्झौता गर्न’ आग्रह गर्नुभएको छ तर आइतबार पत्रकारहरूलाई भन्नुभयो, “कहिलेकाहीं उनीहरूले पहिले लड्नुपर्छ।”

# विपद् प्रतिकार्यका लागि तयारीमा रहन प्राधिकरणको अनुरोध

काठमाडौं, २ असार (रासस)।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले केन्द्रदेखि स्थानीय तहसम्मका सबै निकायलाई मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ अनुसार विपद्को पूर्वतयारी सम्पन्न गरी कार्यान्वयनमा उत्रिनका लागि व्यवस्थापन गर्न अनुरोध गरेको छ ।

यस वर्षको मनसुनमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने अनुमानलाई ध्यान दिँदै आ-आफ्नो जिम्मेवारी पूर्णरूपमा निर्वाह गर्न प्राधिकरणले सबैमा अनुरोध गरेको प्राधिकरणका प्रवक्ता रामबहादुर केसीले जानकारी दिनुभयो ।

जल तथा मौसम विज्ञान विभागबाट जारी हुने मौसमको पूर्वानुमानसम्बन्धी बुलेटिन, बाढी तथा मौसमको पूर्वानुमानसम्बन्धी पूर्वसूचना तथा पूर्वचेतावनी, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलगायतका निकायबाट प्रवाह हुने पूर्वसूचना, पूर्वचेतावनी, सन्देशमूलक सूचना, जानकारीको पालना गरी सोअनुसार सतर्कता अपनाउन सबैमा अपिल गरिएको उहाँले बताउनुभयो ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको नेतृत्वमा बनेको मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ कार्यान्वयनका लागि सङ्घीय सरकारका जिम्मेवार निकाय, प्रदेश सरकार, जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, सुरक्षा निकायलगायत सरोकारवाला सबै निकायमा सम्प्रेषण भइसकेको जानकारी दिँदै प्राधिकरणले जिम्मेवारी पूर्ण रूपमा निर्वाह गर्न पनि भनिएको उहाँले बताउनुभयो ।

गत जेठ १५ गते बिहीबार रातिदेखि कोशी प्रदेशबाट प्रवेश गरेको यस वर्षको मनसुन पश्चिमतिर विस्तार हुँदै जेठ २९ बाट लुम्बिनी प्रदेशका पूर्वी भू-भागसम्म पुगेको छ ।

सम्प्रेषित कार्ययोजनाका अतिरिक्त प्रदेश सरकार, जिल्ला प्रशासन कार्यालय, स्थानीय तह एवं विभिन्न विषयगत निकायले आ-आफ्नो मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्ने व्यवस्थाअनुसार अधिकांश निकायले योजना बनाइसकेको र केही निकाय बनाउने क्रममा रहेको जानकारी समेत प्राप्त भएको जनाइएको छ ।

मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ अनुसार यस वर्षको मनसुन अवधिमा बाढी, पहिरो, डुबान, भारी वर्षा, चट्याङजस्ता मनसुनजन्य विपद्बाट देशभर करिब चार लाख ५७ हजार १४५ घरधुरीका १९ लाख ९७ हजार ७३१ जनसङ्ख्या प्रभावित हुनसक्ने आकलन पनि सार्वजनिक भइसकेको छ ।

# वीरगञ्ज भन्सारद्वारा एघार महिनामा एक खर्ब ५८ अर्ब राजस्व संकलन

पर्सा, २ असार (रासस)।

वीरगञ्ज भन्सार कार्यालयले चालु आवको एघार महिनामा रु एक खर्ब ५८ अर्ब ६० करोड ४३ लाख राजस्व सङ्कलन गरेको छ। कार्यालयले सो अवधिमा कुल वार्षिक लक्ष्यको ७९ दशमलव प्रतिशत राजस्व सङ्कलन गरेको हो ।

बस्कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले आगामी आर्थिक वर्षको बजेटले उत्साह जगाएकाले पनि जेठ महिनामा राजस्व सङ्कलन उत्साहप्रद रहेको जानकारी दिनुभयो ।

"विगत एघार महिनाको तथ्याङ्क केलाउदा जेठ महिनामा सबैभन्दा धेरै राजस्व सङ्कलन भएको छ," उहाँले भन्नुभयो,"राजस्व सङ्कलनमा सबैभन्दा ठूलो हिस्सा पेट्रोलियम पदार्थ र सवारीसाधनको आयात रहेको छ ।"

कार्यालयले साउनमा रु १२ अर्ब १५ करोड, भदौमा रु १३ अर्ब ४२ करोड, असोजमा रु १३ अर्ब ४७ करोड, कात्तिकमा रु ११ अर्ब १० करोड, मङ्सिरमा रु १४ अर्ब ४० करोड राजस्व सङ्कलन गरेको थियो । त्यस्तै पुसमा रु १५ अर्ब ४७ करोड, माघमा रु १४ अर्ब ४४ करोड राजस्व सङ्कलन गरेको थियो ।

यस्तै फागुनमा रु १४ अर्ब ६३ करोड राजस्व सङ्कलन गरेको छ भने चैतमा भने रु १५ अर्ब ४७ करोड राजस्व सङ्कलन गरेको छ। वैशाखमा भने रु १५ अर्ब ७२ करोड राजस्व सङ्कलन गरेको छ। जेठ महिनामा १८ अर्ब १८ करोड राजस्व सङ्कलन गरेको छ। चालु आवको एघार महिनामध्ये जेठमा सबैभन्दा धेरै राजस्व सङ्कलन भएको हो ।

भन्सार विभागले कार्यालयका लागि वार्षिक रु दुई खर्ब १८ अर्ब ९५ करोड रकम राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको छ ।

## कर्मचारीहरुको...

कर्मचारीको १६ दिनको बाँकी रहेको तलब भुक्तानी दिनु पर्ने, कुटपीट र तोडफोडमा संलग्न योजना अधिकृत मनोज यादव सहितका व्यक्तीलाई कारवाही तथा कर्मचारीको दुर्घटना बीमाको व्यवस्था लगायतका माग समेत अघि सारेका छन ।

नगरपालिकाका लेखा अधिकृत शत्रुधनलाल दासले व्यक्तिगत रुपमा असुरक्षित रहेको बताउँदै सुरक्षाको ग्यारेन्टी नहुन्जेल काम नफर्किने अडान दोहऱ्याएका छन् । "म माथी संघातिक हमला गरियो, सुनको सिक्री समेत लुटे ।" उनले भने, "उक्त घटनाले हामी सम्पूर्ण कर्मचारीहरु असुरक्षित भएका छौं, निर्धक्क भई जनताको सेवा प्रवाह गर्ने अवस्था छैनौं ।"

उनले जनताको कामकाजमा आफू बाधक नभएको भन्दै दोषिमाथी कारवाही र कामकाज गर्न भयमुक्त वातावरण नभएसम्म काममा नफर्किने अडान राखे ।

गत जेठ २७ गते मंगलबारका दिन नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको हाजरी गराउने सम्बन्धमा भईरहेको आन्दोलनको क्रममा राजविराज नगरपालिकाका निलम्वित मेयर भिमराज यादव, राजविराज नगरपालिकाका योजना शाखा प्रमुख मनोज कुमार यादव, आन्दोलनकारी सुधिर यादव लगायतका व्यक्तिहरुको समूहले राजविराज नगरपालिकाका कर्मचारीहरुलाई पूर्वाग्राही तथा सुनियोजित रुपमा गालीगलोज तथा कुटपिट गरेका थिए ।

प्रमुख प्रशासकिय अधिकृतमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट हरिकिशोर प्रसाद चन्द्रबंशीलाई सरुवा गरेर पठाएपछी उनको सोमवार पद बहाली समेत भएको छ ।

तर कुटपीट र लुटपीटमा संलग्नहरुलाई कारवाही र क्षती पुर्ती माग्दै धर्नामा बसेका कर्मचारीहरु भने काममा फर्किएका छैनन । उनीहरुले माग पुरा नभएसम्म काममा नफर्कने अडान लिएका छन ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज

मिति :-२०८२/०२/२५

### विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।

यसमा २००४ सालको जमावन्दी श्रेष्ता बमोजिम रैती नं. १४३ हरि लाल मंडरको नाममा कायम रहेका साविक प्रगन्ना मझौवा मौजे सखुवा पत्थरगाडा सा.कि.नं. १८५८ को ज.वि. ०-६-१ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.बि.स लालापट्टी वडा नं. ४ हाल छिन्नमस्ता गा.पा. वडा नं. ४ बस्ने दरवारी पंडितको नाति तुलसी पंडितको छोरा राजेन्द्र पंडित-१, महेन्द्र पंडित-१, जग नारायण पंडित-१, जहरु पंडित-१ भगवानि पंडित-१ र हरि नारायण पंडितको पत्नी सुनैर देवी-१ समेत ६ को यस कार्यालयमा द.नं. २८९६७ मिति २०८२/०२/१८ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्ने मिति २०८२/०२/२५ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएका सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साबिक कि.नं. | साबिक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १८५८ | हरि लाल मंडर | सखुवा पत्थरगाढा | ४क | २३६ | ०-५-१३.५ | राजेन्द्र पंडित महेन्द्र पंडित, जग नारायण पंडित, जहरु पंडित, भगवानि पंडित, सुनैर देवी | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा यो जग्गा दरवारी चौधरीको नम्बरी जग्गा हो रहेको। |

.................
प्रमुख मालपोत अधिकृत
लक्ष्मी प्रसाद
प्रमुख मालपोत अधिकृत

## कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने अत्यन्तै जरुरी सूचना

मिति:२०८२/०३/०२

यस प्रभु बचत तथा ऋण सहकारी संस्था राजविराज-०४ को तपशिलमा उल्लेखित तपाई ऋणी सदस्यले लिनु भएको कर्जा रकम यस सहकारी संस्था संग गर्नु भएको सम्झौता बमोजिम तिर्न बुझाउनको लागि संस्थाबाट पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी गराउंदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरि कर्जा नियमित नगर्नु भएको र बक्योता रकम फर्छौट गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकोले यो ३५ दिने सार्बजनिक सूचना प्रकाशित गरिएको छ | अत : यो सुचनाद्वारा तपाई ऋणीबाट सम्पूर्ण कर्जा फिर्ता भुक्तानी माग गरिएको छ र यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यश संस्थामा सम्पर्क राखी तपाइले तिर्नुपर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर रकम चुक्ता फर्छौट गर्न गराउनको लागि सम्बन्धित ऋणी तथा जमानतकर्ताहरुलाई यसै सुचनाद्वारा जानकारी गराईन्छ | अन्यथा प्रचलित ऐन, कानून, सहकारी ऐन, नियमावली, संस्थाको विनियम, ऋण नीति तथा यस संस्था संग गरेको लिखित शर्त तथा सम्झौता बमोजिम कर्जा सुरक्षणको लागी राखिएको धितो लिलाम बिक्रि गरि संस्थाको लेना असुल उपर गरिने छ र कदम कदाचित राखिएको धितोबाट असुल उपर हुन् नसकेमा प्रचलित कानून अनुसार अन्य चल अचल सम्पतिबाट समेत असुल उपर गरि सम्बन्धित ऋणी सदस्यलाई कालो सुचिमा सामबेश गर्न तर्फको प्रकृया चलाइने व्यहोरा समेत जानकारी गराईन्छ |

| ऋणीको विवरण | | | | |
|---|---|---|---|---|
| ऋणीको नाम : विसुन देव चौधरी थारु | गा.बि.स. | वार्ड न. | किता न. | क्षेत्रफल |
| बाबुको नाम : मुनिचन्द चौधरी | सितापुर<br>सितापुर<br>सितापुर | ८<br>७<br>७ | ९<br>४७९<br>४७८ | ०-४-८-०<br>०-२-०-०<br>०-०-११.५-० |
| बाजेको नाम : भालु चौधरी | | | | |
| ठेगाना : अग्नीसाईर कृष्णासबरण गा.पा.-०२ ईटहर्वा, सप्तरी | | | | |

**प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड राजविराज -०४ सप्तरी**
**टेलिफोन न. ०३१-५३२५२२/५२१११२**

## कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने अत्यन्तै जरुरी सूचना

मिति:२०८२/०३/०२

यस प्रभु बचत तथा ऋण सहकारी संस्था राजविराज-०४ को तपशिलमा उल्लेखित तपाई ऋणी सदस्यले लिनु भएको कर्जा रकम यस सहकारी संस्था संग गर्नु भएको सम्झौता बमोजिम तिर्न बुझाउनको लागि संस्थाबाट पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी गराउंदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरि कर्जा नियमित नगर्नु भएको र बक्योता रकम फर्छौट गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकोले यो ३५ दिने सार्बजनिक सूचना प्रकाशित गरिएको छ | अत : यो सुचनाद्वारा तपाई ऋणीबाट सम्पूर्ण कर्जा फिर्ता भुक्तानी माग गरिएको छ र यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यश संस्थामा सम्पर्क राखी तपाइले तिर्नुपर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर रकम चुक्ता फर्छौट गर्न गराउनको लागि सम्बन्धित ऋणी तथा जमानतकर्ताहरुलाई यसै सुचनाद्वारा जानकारी गराईन्छ | अन्यथा प्रचलित ऐन, कानून, सहकारी ऐन, नियमावली, संस्थाको विनियम, ऋण नीति तथा यस संस्था संग गरेको लिखित शर्त तथा सम्झौता बमोजिम कर्जा सुरक्षणको लागी राखिएको धितो लिलाम बिक्रि गरि संस्थाको लेना असुल उपर गरिने छ र कदम कदाचित राखिएको धितोबाट असुल उपर हुन् नसकेमा प्रचलित कानून अनुसार अन्य चल अचल सम्पतिबाट समेत असुल उपर गरि सम्बन्धित ऋणी सदस्यलाई कालो सुचिमा सामबेश गर्न तर्फको प्रकृया चलाइने व्यहोरा समेत जानकारी गराईन्छ |

| ऋणीको विवरण | | | | |
|---|---|---|---|---|
| ऋणीको नाम : सहिदा खातुन | गा.बि.स. | वार्ड न. | किता न. | क्षेत्रफल |
| बाबुको नाम : अहमद मिया<br>पतिको नाम: मो ताहिर हुसेन | सखडा | ५ | ३६८ | ०-२-१.५-० |
| ससुराको नाम : गफुर मिया | | | | |
| ठेगाना : राजविराज नगरपालिका वार्ड न.-०५ सप्तरी | | | | |

**प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड राजविराज -०४ सप्तरी**
**टेलिफोन न. ०३१-५३२५२२/५२१११२**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*